जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १ २०७९ साल साउन १ गते आइतवार (17 July 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा** : यस्ता छन् बालबालिकामा ... **पृष्ठ ३ मा** : नेपालमा जनसंख्या नियन्त्रणका... **पृष्ठ ४ मा** : पद, पावर, प्रतिष्ठा र पैसामा ... **पृष्ठ ५ मा** : मेक्सिकोमा हेलिकप्टर दुर्घटनाः ...

# जग्गाधनीलाई थाहै नदिई जग्गा बिक्रि गर्ने पाँच जनालाई कैद सजाय

**राजविराज**/किर्ते गरि जग्गाधनीलाई थाहै नदिई जग्गा बिक्रि गर्ने र सो कार्यमा संलग्न पाँच जनालाई अदालतले कैद सजायको फैसला सुनाएको छ ।

राजविराज नगरपालिका ७ को करोडौं मूल्य पर्ने तीन कठ्ठा नौ धुर जग्गा कीर्ते गरी खरीद बिक्री गर्ने कार्यमा संलग्न मालपोतका दुई कर्मचारीसहित पाँच जनालाई जिल्ला अदालत सप्तरीले कैद सजायको फैसला सुनाएको हो ।

सो कार्यमा संलग्न मालपोत कार्यालय सप्तरीका नायबसुब्बा राजविराज ५ निवासी सीताराम चौधरी र कार्यालय सहायक राजविराज ९ का हरिनारायण शर्मालाई बुधबार ६/६ वर्ष कैद सजाय भएको हो ।

अर्का कर्मचारी सुनसरी दुहवी ४ का उद्धव खतिवडाको कारागारमै मृत्यु भएकाले उनको हकमा मुद्दा खारेज भएको छ । कीर्ते जालसाजी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका ५८ वर्षीय नायबसुब्बा खतिवडा २०७८ पुस २ गते कारागारमा बिरामी परेका थिए । उनको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको थियो । उनी २०७५ साउनदेखि नै पुर्पक्षका लागि राजविराज कारागारमा बन्दी जिवन बिताइरहेका थिए ।

खतिवडासँगै थुनामा रहेका चौधरी र अर्का कर्मचारी हरिनारायण शर्माको कैद अवधि अझै दुई वर्ष बाँकी छ । फरार रहेका शर्मा अदालतमा हाजिर भएपछि २०७५ कात्तिक १३ गतेदेखि थुनामा छन् ।

यसैगरी जग्गा खरिद बिक्रीमा संलग्न राजविराज ७ गजेन्द्र चोकको देवरानीदेवी दास र डाक्नेश्वरी नगरपालिका ८ घर भई हाल राजविराज ७ मा बसोवास गर्दै आएकी घुरनीदेवी साहलाई चार वर्ष कैद सजाय भएको छ । दास र साहलाई कीर्ते गरेकामा एक वर्ष र ठगी गरेकामा तीन वर्ष गरी चार वर्ष कैद सजाय भएको अदालतले जनाएको छ ।

कीर्ते गरेकामा एक वर्ष, कर्मचारी भएकाले थप दुई वर्ष तथा ठगी गरेकामा तीन वर्ष गरी ६/६ वर्ष कैद सजाय भएको श्रेस्तेदार मास्केले जानकारी दिए ।

यस्तै २०७५ असार १९ गते पक्राउ परी साउन १७ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका राजविराज ११ का ७८ वर्षीय फुदन साहको कैद सजाय अवधि चार वर्ष पूरा भएको छ । कैद सजाय भुक्तान भएकाले उनी रिहा भएका छन् । उनका छोरा शंकर साह तेली र शर्माका नातेदार उपेन्द्र शर्मा हालसम्म फरार रहेका छन् ।

उनीहरूले राजविराज नगरपालिका ७ की ६९ वर्षीया उषा अर्यालको करोडौं मूल्य पर्ने तीन कठ्ठा नौ धुर जग्गा बिक्री गरेका थिए । काम विशेषले अमेरिकामा गएकी अर्याललाई थाहै नदिई उनीहरुको संलग्नतामा अर्यालको जग्गा बिक्री गरिएको थियो ।


सप्तरी जिल्ला अदालतका न्यायधिश इश्वरमणि ओझाको इजलासले उक्त फैसला गरेको श्रेस्तेदार कुमार मास्केले जानकारी दिएका छन् ।

# निर्माण कार्यमा अनियमितता भएको भन्दै अख्तियारद्वारा मेयर यादवसहित सात जना बिरुद्ध विशेष अदालतमा आरोपपत्र दायर

**राजविराज**/निर्माण कार्यमा अनियमितता भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजविराज नगरपालिकाका मेयर भिमराज यादवसहित सात जनामाथी विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

बुधबार अख्तियारले उक्त आरोप पत्र दायर गरे सँगै मेयर यादव निलम्बनमा परेका छन् । गत जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै भ्रष्टाचारको आरोप लागेका मेयर यादव निलम्बनमा परेका हुन् ।

आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीद्वारा जारि प्रेस विज्ञप्तिमा राजविराजस्थित



राजरंगशाला स्तरोन्ती कार्यका लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र न्यू गहिल कन्स्ट्रक्सनबीच सम्झौता भएको थियो ।

आर्थिक वर्ष २०७४/२०७५ मा सो कन्स्ट्रक्सनका संचालक समेत रहेका नगर प्रमुख यादवले राजविराजस्थित राजरंगशालाको स्तरोन्नती कार्यमा भ्रष्टाचार गरेको आयोगको दाबी छ । उक्त निर्माण कम्पनीका संचालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेसिफिकेशन) विपरित कार्य गरि त्यस्तो कार्यलाई शर्त तथा मापदण्ड बमोजिम नै भएको भनि प्रमाणित र स्विकृत गराई २ लाख ६३ हजार ४ सय ६८ रुपैया ४० पैसा बढी भुक्तानी लिएको आयोगको आरोपपत्रमा उल्लेख छ ।

यस्तै आयोगले उक्त प्रकरणमा तत्कालिन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष एजेट न्यासुरले रंगशालाको स्तरोन्नती कार्यमा १३ लाख २७ हजार ४ सय ३०, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरुले २ लाख, जिल्ला खेलकुद विकास समितिका तत्कालिन प्रमुखहरु लक्ष्मण मण्डलले ५ लाख ६९ हजार ८ सय तथा महेन्द्र प्रसाद यादवले ५ लाख ६९ हजार ८ सय १० रुपैया अनियमितता गरेको दाबी गर्दै सोही अनुसारको कैद सजाय र जरिवानाको माग गरेको छ ।

त्यस्तै उक्त निर्माण कार्यमा प्राविधिकका रुपमा खटिएका तत्कालिन जिल्ला विकास समिति सप्तरीका इन्जिनियर विकास श्रेष्ठले १३ लाख २७ हजार ४ सय ३० र उदय निर्माण सेवाका संचालक उदय श्रेष्ठले १० लाख ६३ हजार ९ सय ६२ रुपैयाको अनियमितता गरेको दाबी गर्दै आयोगले आरोप पत्रमार्फत निजहरुलाई पनि सोही ऐन बमोजिम कैद र जरिवानाको माग दाबी गरेको छ ।

आयोगद्वारा छानबिनको क्रममा अनियमितता गरेको पाइएकाले निजहरुमाथी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) बमोजिमको कैद र जरिवाना हुनु पर्ने माग दाबी गरिएको छ ।

# दुई बालिकासहित तीन जनाको डुबेर मृत्यु

**राजविराज**/सप्तरीमा एकै गाउँका दुई बालिकासहित तीन जनाको डुबेर मृत्यु भएको छ ।

जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ५ मा मंगलबार पोखरीमा डुबेर एकै गाउँका दुई जना बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कंचनरुप नगरपालिका वडा नं. ५ बस्ने सुकदेव सदाको १३ बर्षीया छोरी रजनी सदा र जीतन सदाकी १४ बर्षीया छोरी सेन्द्री सदा रहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

प्रहरीका गर्मी छल्न सात/आठ जनाको बालिकाहरुको समूह सोही ठाउँका दिपक चौधरीको पोखरीमा नुहाउन

*बाँकी पाँच पृष्ठमा*

# चन्द्र नहरमा डुबेर वेपत्ता भएका सदा मृत फेला परे



**राजविराज**/सप्तरीको सप्तकोशी नगरपालिका वडा नं. ४ स्थित चन्द्र नहर छेउमा गाई चराएर फर्किने क्रममा नहरमा डुबेर वेपत्ता भएका एक बृद्ध शनिबार मृत अवस्थामा फेला परेका छन् ।

शुक्रबार गाई चराएर नहरको बाटो हुँदै फर्किंदै गर्दा सप्तरीकोशी नगरपालिका ४ निवासी ७० वर्षिय लक्ष्मी सदा डुबेर वेपत्ता भएका थिए ।

उनको शव शनिबार बिहान ७ बजेतिर फेला परेको प्रहरीले जनाएको छ । नहर पार गर्ने क्रममा वेपत्ता भएका सदाको राती देखीनै प्रहरीले खोजतलास गरेको थियो । तर उनको कुनै अत्तोपत्तो नलागेपछि विहान नहरको पानी बन्द गरि पुनः खोजतलास गर्दा घट्नास्थलबाट केही दुरीमा वडा नं. ५ गंगाजली स्थित चन्द्र नहरमा उनको मृत शरीर फेला परेको प्रहरीले जनाएको छ ।

मृतकको शव पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९ मलेठ, सप्तरी**

**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# चार दशकदेखी निरन्तर

यस नवीन साप्ताहिक पत्रिकाले आज चार दशक पार गरेको छ । चार दशकदेखी निरन्तर रुपमा प्रकाशित हुँदै आएको यस पत्रिका आजदेखी ४१ औं वर्षमा प्रवेश गरेका छ । जिल्लाको सबै भन्दा पुरानो अखबारको रुपमा स्थापित भई निरन्तरता दिनु नै यस पत्रिकाको ठूलो उपलब्धी हो । यस अवधीमा दर्जनौं अखबारहरु प्रकाशनमा आए अनि बन्द भए तर, नवीन साप्ताहिकले आफ्नो छुट्टै पहिचान बनाएर निरन्तर प्रकाशन भइरहेको छ ।

धेरै सामाजिक, राजनीतिक उथलपुथल हेरेको यस पत्रिकाले चार दशकदेखी पत्रकारिता क्षेत्रमा यतीको लामो समयसम्म आफ्नो छुट्टै पहिचान कायम राख्न सफल भएको छ । यस अखबारलाई पाठकहरुले मन चाहेको समयमा इन्टरनेट मार्फत समेत पढ्न सक्ने व्यवस्था रहेको छ । अहिलेको वर्तमान समयमा संचारमाध्यममा व्यापक प्रतिस्पर्धा भइरहेकोमा अखबारलाई इन्टरनेटमा राखिएको हो ।

तसर्थ चार दशकको यस यात्रा सम्म निरन्तर सहयोगीको रुपमा रहेका पाठक वर्ग तथा शुभेच्छुकहरुबाट थप सल्लाह सुझावको अपेक्षा गरिएको छ । आगामी दिनहरुमा अझ निष्पक्ष, सत्यतथ्य समाचार सम्प्रेसन गर्ने प्रतिबद्धता जनाउँदै पाठक, विज्ञापनदाता, शुभेच्छुकसहित सहयोग गर्ने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# यस्ता छन् बालबालिकामा बढी देखिने मनोवैज्ञानिक समस्या

**डा सिपी सेडाई**

बालबालिकाको बानी सुधार्न अभिभावकको ठूलो हात हुन्छ । बालबालिकाले गरेको राम्रो कामलाई प्रोत्साहन दिने र नराम्रो कुरालाई रोक्ने उपाए सिकाउनाले भविष्यमा राम्रो युवकमा परिणत गराउन सहयोग पुऱ्याउँछ । यस बाहेक व्यक्तित्वको पनि केहि भूमिका रहेको हन्छ । बालबालिकाको बानी र अभिभावकको जिम्मेवारी नमिल्दा गलत सिकाई हुन जान्छ । त्यस्तै स्कुलको शिक्षकको पनि उत्तिकै ठूलो भूमिका छ, राम्रो बानी बसाल्नमा । बालबालिकाले गलत काम गरेपनि अभिभावकले ढाकछोप गर्दा नराम्रो कुरा गर्ने कुरामा प्रोत्साहन मिल्छ । त्यस्तै बालबालिकाले गरेको राम्रो काममा अभिभावक स्याबासी नदिदा पनि नराम्रो कुरा गर्न प्रोत्साहन मिल्छ, त्यसैले अभिभावकले यस्ता मनोवैज्ञानिक कुरा बुझ्नु जरुरी छ । बालबालिकामा विभिन्न खालका मनोवैज्ञानिक समस्याहरु हुन्छन् ।

**बढी रिसाउने**

कोही बालबालिकाहरु ५ देखि ६ वर्षमा बढी रिसाउने गर्छन् जुन साधारण हो । तर यो रहिरहेमा यसले समस्या ल्याउँछ । अभिभावकले रिसाउने बानी घटाउन प्रयास गर्नुपर्छ । त्यसो भएन् भने पछि गएर यसले मनोवैज्ञानिक समस्या ल्याउन सक्छ । यस्तो समस्या रहिरहेमा सम्बन्धित विषेशज्ञको सल्लाह लिनुपर्छ ।

**निद्रा गडबड हुने समस्या**

बच्चाहरु राति नसुत्ने दिउसो सुत्ने, निद्रामा उठेर हिड्ने, निद्रामा अत्याधिक डराउने समस्या पाइन्छ ।

**खाने समस्या**

कोहि बालकालिका गुलियो मात्र रूचाउने गर्छन । कोही कुनै वस्तु खान पटक्कै रुचाउँदैनन् । यसवाहेक कोहि बालबालिका माटो, ढुङ्गा, कागज खाने पनि हुन्छ । यस्ता बच्चाहरुमा रक्त अल्पता भएको हुन सक्छ ।

**अत्याधिक डराउने समस्या**

बालबालिका अलिअलि डराउनु स्वभाविक नै हो । तर अत्याधिक डराउनु एक मनोवैज्ञानिक समस्या हो। डराउने वस्तुसँग विस्तारै घुलमेल गर्दा यो समस्या घट्छ ।

**डिप्रेसन**

कहिलेकाँही बालबालिकामा डिप्रेशन रोग देखिन्छ। खासगरी रिसाउने, विर्सने, पेट दुख्ने, रोइरहने, बढी निद्रा लाग्ने आदि लक्षण देखिन्छ ।

**स्कूल जान नमान्ने**

कतिपय बालबालिका स्कुल जान नमान्ने, पेट दुख्ने, टाउको दुख्ने, वान्ता गर्ने यो मनोवैज्ञानिक कारणले भएको हो । स्कूल जान नमान्ने कारण शिक्षकदेखि डराउनु, साथीभाईले कुट्नु, नयाँ स्कूलमा भर्नाहुनु इत्यादि पर्छन् ।

**अनियमित पिशाव हुने**

५ वर्ष भन्दा कम उमेरमा बालबालिकाले पिशाव नियन्त्रण गर्न नसक्नु सामान्य हो । तर ५ वर्ष वढी उमेरमा पनि यो समस्या रहयो भने त्यसको उपचार गर्नु पर्छ ।

**दिसा छुट्नु**

बालबालिकाहरुमा ४ वर्ष भइसकेपछि पनि दिसा छुट्ने भएमा त्यसको उपचार गराउनु पर्छ ।

**सामाजिक नियम उलङ्घन गर्ने**

कोहि बालबालिका तोडफोड गर्ने, चोर्ने, झुटो वोल्ने, अटेरी हुने, कुटपिट गर्ने, स्कुलवाट भाग्ने, सामान फुटाईदिने आदि समस्या देखिन्छ । यसलाई सामाजिक नियम उल्ङ्घन गर्ने भनिन्छ ।

**बढ्ता छुकछुक गर्ने**

कोहि बालबालिका वढ्ता छुकछुक गर्छन् । कुनै काममा एकाग्र भएर लाग्न सक्दैनन् । यिनिहरु मनमा जे आयो त्यहि गर्छन, खतरा संग खेल्छन । कतिपटक दुर्घटना पर्ने सम्भावना रहन्छ ।

**विषेश ब्यक्तिसँग नवोल्ने**

केहि वालवालिका घरमा सवैसंग वोल्ने तर स्कूलमा केहि नवोल्ने गर्छन् । कोहि कसैसंग मात्र बोल्छन् अरु संग वोल्दैनन् । यसलाई विशेष व्यक्ति संग नवोल्ने भनिन्छ ।

**भकभकाउने**

कोहि बालबालिका भकभकाइ बोल्ने गर्छन । यो साइकोलोनिकल कारणले भएको हुन्छ । कोहि डराउनाले यस्तो भएको हुन्छ ।

**उमेर अनुसार मस्तिष्क वृद्धि नहुनु**

बालबालिकाको उमेर वृद्धि भए अनुसार मस्तिष्क विकास नहुनुलाई सुस्त मनस्थिती भनिन्छ । यस्ता बालबालिकालाई अरुले भन्दा फरक किसिमले सिकाउनु पर्छ । उनको वृद्धि अनुसारको काम दिनु पर्छ ।

**उपचार**

- बालबालिकाको समस्याको विषयमा रोगको पहिचान गर्न सम्बन्धित डाक्टरको परामर्श लिने ।
- बालबालीको बानी सुर्धान प्रोत्साहन दिने ।
- काउन्सिलिङ, साइकोथेरापी र कतिपय रोगमा औषधिको प्रयोग गरिन्छ ।
- वच्चामा हुने डिप्रेसनकोलाई एन्टिडिप्रेसेन्ट औषधि को प्रयोगबाट फाइदा हुन्छ ।
- छारे रोगकोलागि औषधि ४ वर्ष सम्म खुवाउनु पर्ने हुन्छ ।

# १४ बुँदे माग राख्दै लोसपाले बुझायो ज्ञापन

**राजविराज**/मलखादको व्यवस्थासहित १४ बुँदे माग राख्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरीले सोमवार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम मार्फत प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापन पत्रमा रोपाइको समय शूरु भइसक्दा पनि किसानले आवश्यक्ता अनुसारको मलखाद नपाउदा समस्यामा परेको भन्दै अविलम्ब यसको व्यवस्था मिलाउन माग गरिएको छ ।

सरकारको विकासीय बजेटको असार मसान्तको समयसीमा खारेज गरी चैत्र मसान्तलाई कायम गर्नु पर्ने, मधेशी, आदिवासी, जनजाती, थरुहट आन्दोलनको सम्बन्धमा गठित तत्कालीन न्यायाधिश गिरीशचन्द्र लाल नेतृत्वको आयोगको प्रवितवेदन सार्वजनिक गर्नु पर्ने, आन्दोलनका क्रममा झुठा मुदा लगाई थुनामा राखीएका साँसद रेशमलाल चौधरी सहित अन्य राजवन्दीहरुको मुद्दा खारेज गर्नू पर्ने माँग रहेको छ ।

त्यस्तै ज्ञापनपत्रमा गत जेठ २३ गते सरकारद्वारा जारी भएको भु-उपयोग नियमावली अत्यन्त अब्यवाहरिक र साना किसानको हित विपरित रहेको उल्लेख गर्दै अविलम्ब यसको खारेजीको माग गरीएको छ । यस्तै ज्ञापन पत्र मार्फत महगी कालोबाजारीको नियन्त्रण, कृषि कार्यमा प्रयोग हुने डिजल कृषकलाई सस्तो मुल्यमा उपलब्ध गराउन र २४ सै घण्टा विद्युत आपुर्तीको व्यवस्था गर्न माग गरिएको छ ।

यसैगरि विभिन्न उत्पीडित समुदाय, मधेशी, थारु, आदीवासी, जनजाती, शिल्पी (दलित) महिला मुश्लिम लगायतको सम्मान, पहिचान र अधिकार सुनिश्तताका लागी संविधानमा संशोधन गर्नु पर्ने लगायतका माग पनि ज्ञापन पत्रमा समावेश गरिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष सुनिल कुमार झाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेर सो माँगसहितको ज्ञापन पत्र बुझाइएको हो । सो अवसरमा राष्ट्रिय सभाका सदस्य शेखर कुमार सिंह, जिल्ला समन्वय समिती सप्तरीका उपप्रमुख शम्भु कुमार यादव, राजविराज नगरपालिकाका पुर्व मेयर शैलेश चौधरी, पुर्व उपमेयर साधना झा, लोसपाका युवा नेता विनोद यादव, महिला नेतृ पुनम कुमारी यादव समेत सहभागी रहेको थियो ।

# राजविराज नगरपालिका क्षेत्र भित्रका विद्यालयहरु एक महिने बन्द

**राजविराज**/राजविराज नगरपालिकाले नगर क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरुमा एक महिने विदा दिने निर्णय गरेको छ ।

अत्याधिक गर्मी बढेको भन्दै विद्यालय जाँदा बाटो र कक्षा कोठामै विद्यार्थीहरु बेहोस पर्ने क्रम बढेपछि राजविराज नगरपालिकाले नगरक्षेत्र भित्र रहेका सबै सामुदायीक विद्यालयमा एक महिनाको लागी विदा दिने निर्णय गरेको हो ।

राजविराज नगरक्षेत्रमा ५ मावि, १२ निमावी र २६ प्रावि गरी कुल ४३ सामुदायिक विद्यालय रहेका छन् ।

राजविराज नगरपालिकाको शिक्षा शाखाले सोमवार एक सुचना जारी गर्दै शैक्षिक सत्र २०७९ को शैक्षिक क्यालेण्डरमा उल्लेख भएको वर्षे विदामा फेरबदल गरी असार २८ गते मंगलवारदेखी २०७९ साउन २८ गते सम्म विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरिएको शिक्षा शाखा प्रमुख भगवती विश्वकर्माले जानकारी दिएका छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा जनसंख्या नियन्त्रणका उपायहरु



गंगाराज अर्याल

हरेक वर्ष जस्तै यसवर्ष 'आज ८ अर्ब पुगेको जनसंख्या सवैको छनोट र अधिकारको सुनिश्चिततासहित उज्वल भविष्यका लागि अवको प्राप्ति' भन्ने नाराकासाथ ११ जुलाईका दिन विश्वभरीका मुलुकलगायत नेपालमा पनि विश्व जनसंख्या दिवस मनाईंदै छ ।

परिभाषाःसामान्यतया जनसंख्या भन्नाले कुनैपनि गाउँ/जिल्ला, शहर तथा देश लगायत विश्वभरी वसोवास गर्ने, समान सामाजिक, सांस्कृतिक, आर्थिक, जनजाती समूहमा वसोवास गर्ने व्यक्तिहरु वा व्यक्तिको समूहलाइनै जनसंख्या भनिन्छ । समाजशास्त्रमा जनसंख्या भन्नाले मनुष्य जातीको संगठित स्वरुप र यसको तथ्याङ्कीय अध्ययन हो ।

ऐतिहासिक पृष्ठभूमिः तेह्रौ शताब्दी (सन् १३१५-१७००) देखि निरन्तर वृद्धि हुँदै गएको विश्वको जनसंख्या पन्ध्रौ-सत्रौं शताब्दीसम्म करीव ३ करोड ७० लाख थियो भने अठारौं शताब्दीमा जम्मा १ अर्ब भयो । त्यसपछि उन्नाइसौं शताब्दीको बीचमा २.०६ प्रतिशतका दरले वृद्धि भएको विश्वको जनसंख्या बीसौं शताब्दी अर्थात् सन् २०१० देखि २०१५ को विचमा १.१८ प्रतिशतका दरले मात्रवृद्धि भएको थियो भने २०१८ को मध्यतिर आईपुग्दा नपुग्दै विश्वको जनसंख्यामा वृद्धि भई ७ अर्ब नाघिसक्यो । संयुक्त राष्ट्र संघीय जनसंख्या कार्यक्रमको अनुमान अनुसार ११ जुलाई, २०२२ मा ७ अर्ब ९५ करोडभन्दा बढी पुगेको छ भने आगामी ४ महिना ( नोभेम्बर, २०२२) मा ८ अर्ब पुग्ने अनुमान गरिएको छ । यसरी बढ्दो जनसंख्या आगामी २०५० मा ९.५ अर्ब पुग्ने अनुमान गरिएको छ । विश्वमा सबभन्दा बढी जनसंख्या भएका मुलुकमध्ये चीन पहिलो हो, जसको जनसंख्या १ अर्ब ४५ करोड पाइएको छ, दोश्रो भारतको १ अर्ब ४० करोड, तेश्रो संयुक्त राज्य अमेरिकाको जनसंख्या ३३ करोड रहेको छ । विश्वको जनसंख्या करिब ३० प्रतिशतले वृद्धि भएको संयुक्त राष्ट्र संघीय जनसंख्या तथ्याङ्कले जनाएको छ भने एशियामा भ्रण्डै ४२ प्रतिशतलेवृद्धि भएको छ । २०७८ को जनगणना बमोजिम करिब ०.९३ प्रतिशतका दरले वृद्धि भएको नेपालको जनसंख्या भ्रण्डै २ करोड ९२ लाख छ, भने २ करोड ९४ लाख पुग्ने अनुमान गरिएको छ ।

जनसंख्यावृद्धिः व्यक्तिहरुको संख्यामा वृद्धि हुनुलाई अर्थात् कुनै पनि स्थान वा मुलुकको जन्मदर र वाहिरवाट बसोवास गर्न आएका व्यक्तिहरुको जोडमा मृत्युदर र अन्यत्र बसोवास गर्न जाने व्यक्ति वा समूहको संख्यालाई घटाउँदा आउने संख्यानै जनसंख्या वृद्धि हो । स्पष्टरुपमा मनुष्यको जन्म तथा मृत्युमा आधारित जनसंख्याको आकारमा आउने सकारात्मक वा नकारात्मक परिवर्तन नै जनसंख्या वृद्धि हो । यदि विश्वका मुलुकहरुमा मृत्यु धेरै भएमा विश्वको जनसंख्या ढीलो वृद्धि हुन्छ अथवा जनसंख्या घट्दै पनि जान्छ, जसलाई सापेक्षित र निरपेक्षित वृद्धिमा मापन गरिन्छ । उदाहरणको रुपमा सन् १९५० मा विश्वको जनसंख्या जम्मा ४ अर्ब थियो भने २००० मा जनसंख्यामा वृद्धि भई ६ अर्ब पुग्यो । अनि करिब २२वर्षमै भ्रण्डै२ अर्ब बढेर विश्वको जनसंख्या ८ अर्ब पुगेको अनुमान छ ।

जनसंख्यावृद्धिका कारणः कुनैपनि मुलुकको जनसंख्या वृद्धिका प्रमुख कारणमध्ये जन्मदर नै हो । साथै बसाइ-सराई, अशिक्षा, धर्म-संस्कृति, पछौटेपन, गरिबी, कामको खोजीमा बाहिरिने र मृत्युदरले जनसंख्या वृद्धिमा असर गर्दछ ।

**जनसंख्या नियन्त्रणः**

विश्वमा निरपेक्षितरुपमा बढ्दै गईरहेको जनसंख्या नियन्त्रण गर्न विश्वभरी अपनाइने उपायका लागि नै विश्व जनसंख्या दिवस मनाउने गरिन्छ । जनसंख्या नियन्त्रण वा व्यवस्थापन गर्न हरेक मुलुकले आ-आफ्नो जन्मदर, गरिबी, बाहिरबाट बसाई-सराई गरी आउने समुदाय, परिवार नियोजन, गर्भान्तिर, शिशु मृत्यु दर, बालबालिका मृत्यु दर, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, खाद्य-सुरक्षा, एक वा दुई मात्र सन्तान नीति, साक्षरतामा वृद्धि आदि पक्षमा अत्यन्त ध्यान पुऱ्याउनु पर्दछ ।

**विश्व जनसंख्या दिवसको थालनी**

सन् ११ जुलाई, १९८७ मा निरापेक्षि तरुपमा बढ्दै ५ अर्ब पुगेको विश्व जनसंख्या नियन्त्रण तथा जनसंख्या वृद्धिका चुनौतीलाई सामना तथा व्यवस्थापन गर्न सन् १९८९ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको शासकिय परिषदको स्थापना भएको हो । अनि ९० भन्दा बढी देशमा प्रथम विश्व जनसंख्या दिवस मनाइयो । त्यसपछि संयुक्त राष्ट्र संघीय जनसंख्या संघका कार्यालयहरुका साथै अन्य संघ-संगठनहरुले सरकार तथा नागरिक समाजसमेतको समन्वयमा हरेक वष ११ जुलाईका दिन विश्व जनसंख्या दिवस मनाउन सुरु गरियो ।

त्यसै क्रममा विश्वभरी मनाइने जनसंख्या दिवसको मुख्य उद्देश्य विश्वव्यापी जनसंख्या वृद्धिबाट उत्पन्न चुनौती तथा अवसरका लागि जस्तै परिवार नियोजनको महत्व, लैंगिक समानता, गरिबी, मातृ स्वास्थ्य तथा मानव अधिकारबारे व्यापक जनचेतना जगाउने हो ।

यस वर्षको विश्व जनसंख्या दिवसको नारा '८ अर्ब पुगेको जनसंख्या सवैको छनोट र अधिकारको सुनिश्चिततासहित उज्वल भविष्यका लागि अवको प्राप्ति'भन्ने रहेको छ । यो नाराले जनसंख्या वृद्धिबाट विचलित नहुन र यसबाट उत्पन्न चुनौतीको सामना गर्ने अवसर पनि प्राप्त भएको सन्देश विश्व जनसंख्या दिवसले दिएको छ ।

**जनसंख्या दिवसमा सन्देशः**

विश्व जनसंख्या दिवसले पहिलेभन्दा जनता शिक्षित भई स्वस्थ जीवन यापन गर्न नागरिक समाजद्धारा लगानी गरी मानव अधिकारलाई संरक्षण गर्दै चुनौतीलाई सामना गर्ने अवसरलाई शान्ति र समृद्धि प्राप्त गर्न लगानी गर्न आव्हान गर्दछ । अत्यन्त ध्यान दिइनुपर्ने पक्षमध्ये आगामी दिनमा ८ अर्ब पुग्ने जनसंख्या गणना गर्न वाध्य हुनुलाई मात्र गल्ती गरेको महशुस नगरी जनसंख्या गणना र अनुमानबाट विचलित हुनुलाई गल्ती गरेको मान्नुपर्ने हुन्छ ।

यदि जनसंख्यामा मानव जातिको संख्या र जनसंख्या वृद्धि दरमा मात्र ध्यान दिने हो भनेत्यसबाट उत्पन्न हुनसक्ने अवसर तथा मानव अधिकारको हननसमेत हुन्छ । उदाहरणका लागि महिलालाई सन्तान जन्माउन वा नजन्माउन दबाव दिइयो भने यसबाट उनको सन्तानोत्पादनमा रोजाई तथा अधिकारसम्बन्धी असमानता उत्पन्न हुन्छन् । कुनै पनि देशको जनसंख्या वृद्धि भएमा ती देश विश्वमै बढ्दो निरपेक्षित जेष्ठ नागरिकको सामना अर्थात् विश्वभरका प्रति महिला २.१ प्रजनन दर भएका मुलुकमा पर्दछन् र अन्य युवा तथा बढ्दो उमेरका जनसंख्या भएका मुलुकको भोगाइमा पर्दछन् । त्यसपछि अधिकतम जनसंख्या आफ्नै रोजाई वा द्वन्द्व जलवायु परिवर्तनबाट उत्पन्न विषम कारणले मुलुक बाहिर लाग्न वाध्य हुन्छन् । त्यस्तो अवस्थालाई मनन गरी सम्भावित दुष्परिणामलाई न्युनीकरण गर्न चुनौतीको सामना गर्दै सकारात्मक अवसरको प्राप्तिको आशा गर्नुपर्ने हुन्छ ।

**जनसंख्यावृद्धिको समाधानः**

जनता समस्या होइन, समाधान हुन् । त्यसकारण जनसांख्यिक परिवर्तनको न्युनिकरणका उपायबारे बहस पैरबी गर्नुपर्ने हुन्छ । हरेक देशका जनताले जनसंख्या वृद्धिलाई महशुस गर्दै समस्या समाधान गर्न सक्छन् । जनता स्वयम् सुसूचित भई शिशु जन्ममा महिलाले बाध्यता नभई रोजाइको अधिकार पाएमा उनिहरुले आफ्नो अधिकार र जिम्मेवारी वहन गर्छन् भने सन्तानोत्पादनमा जोखिम न्युनीकरण गर्न सक्षम हुन्छन् । जसको प्रतिफल चाहेजति सन्तानबाट दिगो सामाजिक विकाससमेत गर्न सक्छन् । जनसांख्यिक समस्या समाधान गर्न केवल जनताको संख्या मात्र नभई समाधान गर्ने पद्धतिमा मुलुककै प्रतिवद्धता आवश्यक हुन्छ । यसले मानव तथा समाजसमेतलाई भेदभावबाट मुक्त गर्छ । जनताको संख्या धेरै भएमा जातजाती, वर्ग, धर्म, यौन दुर्व्यवहार, भेदभाव, दुरुत्साहन, लैंगिक दुर्व्यवहार तथा अपराध बढ्न जान्छ । जनसंख्या बिस्फोटन भएमा लैंगिक असमानता, मानवअधिकारको हनन, विभेदजस्ता दुर्व्यवहारमा वृद्धि मात्र नभई मुलुककै विकासमा अवरोध हुन्छ ।

त्यसकारण आज विश्वव्यापी रुमपमा सेमिनार, छलफल, वादविवाद, सार्वजनिक सम्बोधन, कार्यशाला गोष्ठी, गीतसंगीत, नाराजस्ता शैक्षिक कार्यक्रम गरी मनउने गरिन्छ । समावेशीकरण, उत्पादनशील समाजका लागि जनशक्ति र भौतिक सम्पत्तिमा लगानी बढाएमा जनसंख्यावृद्धिका समस्या समाधान गर्न सकिने भएकाले शिक्षा, स्वास्थ्यसम्बन्धी अधिकार प्रदानगर्दै सम्भावनाका अवसर प्राप्तिको खोजी गर्न अति जरुरी छ ।

**नेपालमा जनसंख्या नियन्त्रणः**

राष्ट्रिय स्वास्थ्य नीति २०७१ मा परिवार नियोजन तथा प्रजनन् स्वास्थ्यलाई सुरक्षित मातृत्वसहित एकीकृत सेवाको कार्यान्वयन गर्ने, सवै नागरिकलाई सुरक्षित मातृत्व लगायत आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा निशुल्क पुऱ्याउने रणनीति लिएको छ । 'मुलुकका पुरुष वा महिलाको परिवार नियोजनको आवश्यकता पूरा गरी उनीहरुको प्रजनन् स्वास्थ्यको अवस्था र गुणस्तरीय जीवन यापनमा सुधार ल्याउन योगदान पुऱ्याउने लक्ष रहेको परिवार नियोजनको वर्तमान अवस्था साह्रै दयनीय छ । प्रजनन् उमेरका सवै किशोर-किशोरीलाई परिवार नियोजन, सुरक्षित मातृत्व तथा सुरक्षित गर्भपतनवारे स्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत् सन्देश प्रदान गर्न सकिएको छैन ।

प्रजनन् उमेर समूहका दम्पतिलाई पनि परिवार नियोजन, गर्भान्तर, सुरक्षित मातृत्व वारे जानकारी दिन सकिएको छैन र आवश्यक साधन समेत पुऱ्याउन सकिएको छैन । नेपालमा आधुनिक साधनको प्रयोग दर विगत वर्षको ४० प्रतिशतबाट खस्केर ३७ प्रतिशतमात्र छ । प्रजनन् उमेर (१५ देखि ४९ वर्ष) का महिलाको परिवार नियोजनका साधनको अपरिपूर्त माग केवल २४ प्रतिशतरहेको छ । वार्डस्तरीय परिवार नियोजन सेवा तथा साधन प्रदान गर्न महिला स्वास्थ्य स्वयम् सेविकालाई परिवार नियोजनका अस्थायी साधन ( पिल्स, कण्डम) वितरण गर्न जिम्मा लगाइएता पनि आवश्यक सवै दम्पतिले साधन पाउन सकेका छैनन् । मुलुकका सवै प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पतालहरुमा परिवार नियोजनका अस्थायी/स्थायी

*बाँकी चार पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# पद, पावर, प्रतिष्ठा र पैसामा अल्झेको राजनीति

राजेन्द्र किराँती

जनयुद्धको उत्कर्षको समयमा एकजना मावि तहमा अध्यापनरत शिक्षक मित्रको घरमा पुगेको थिएँ । उहाँ हाम्रो सहयोगी,समर्थक र शुभेच्छुक हुनुहुन्थ्यो । यसकारण ती मित्र र ममबीच दिल खोलेर धेरै विषय प्रसङ्गमा छलफल भए । आन्दोलनबारे निकै सनसनी कुरा गर्यौं । चुनौती,सम्भावना र सफलतासम्बन्धी विभिन्न कोणबाट बातचित भयो ।

सोही सिलसिलामा मैले शिक्षक मित्रलाई जागिर छाडेर जनयुद्धमा पूर्णकालीन भएर लाग्न अनुरोध गरें । उहाँले निसङ्कोच खुलेरै भन्नुभयो- 'तपाईंहरूको त्याग,बलिदान र साहसको म उच्च सम्मान गर्दछु । तर म पूर्णकालीन भएर त्यो तपस्या र सौर्यको भूमिका निभाउन अहिले सक्दिनँ ।' अन्य सहयोग,समर्थन र शुभेच्छा भने कायमै रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

ती शिक्षक मित्रसँग मेरो २०७४ सालको स्थानीय तह निर्वाचन प्रचार-प्रसारको सिलसिलामा पुनः भेट भयो । विगत,वर्तमान र भविष्यका समग्र विषयमा कुराकानी गरियो । पार्टी आन्दोलनको आरोह-अवरोह अनि जनयुद्ध र शान्ति प्रक्रियाको विषयमा छलफल भयो । यही क्रममा शिक्षक मित्रले पुरानो सन्दर्भ कोट्याउनुभयो । पार्टी आखिर शान्ति प्रक्रियामा जाने रहेछ । म पनि तपाईंले भनेको बेला पूर्णकालीन भएर लागेको भए खुला राजनीतिमा अवसरको ढोका खुल्नेरहेछन् । मैले आँट नगर्नु नै कमजोरी भयो भन्दै केही पश्चतापजन्य भाव व्यक्त गर्नुभयो ।

त्यसपछि मैले भने, 'महान सहिद बन्ने सबैभन्दा ठूलो शौभाग्य पनि पाउने सम्भावना रहन्थ्यो । यो चाहिँ तपाईंले विर्सिनुभयो ।' उहाँले तुरुन्तै जबाफ दिनुभयो, 'त्यो त हो नि । सहिद भएको भए आज परिवारहरूले दोसल्लासम्म पनि पाउन कठिन हुने रहेछ । त्यसैले त जे गरें,ठीकै गरेछु भन्ने लागेको छ ।'

साँच्ची नै राजनीतिक कार्यदिशा कुनै पनि आन्दोलनको मेरुदण्ड हो । हिजोको आन्दोलनको उद्देश्य र सोही अनुरूपको त्याग,बलिदान,साहस र सङ्घर्ष केन्द्रित कार्यदिशा र आजको जसरी पनि चुनाव जित्ने आन्दोलनको उद्देश्य र त्यसैमा आधारित औसत साम,दाम,दण्ड र भेदको कार्यदिशा आधारभूतरूपमै फरक रहेको छ । कार्यदिशा भिन्न भएपछि आन्दोलनको चरित्र र प्रक्रियाहरू पनि नितान्त भिन्न हुन्छ । यो साश्वत नियम हो ।

आज अधिकांश पार्टीहरू चुनावी आन्दोलनअन्तर्गत जसरी पनि चुनाव जित्ने कार्यदिशामा रहेका छन् । यस्तो कार्यदिशामा औसत वा सामान्य राजनीतिक व्यवहारले मात्र पुग्दैन । यसका लागि हदमाथिको ट्याक्टफुलनेस,चलाखी,षड्यन्त्र,जालझेल र लपन-छपनको कार्यनीतिक राजनीतिक अस्त्रजन्य व्यवहारको माग गर्दछ ।

यस्तो वस्तुगत परिवेशमा सही र गलत,इमानदार र बेइमान,भ्रष्ट र विवेकशील अनि अपराधी र सज्जनबीचमा भेद देखिँदैन । यसमा जस्तोसुकै अस्त्र उपयोग गरेर भए पनि चुनाव जितेर पावरमा पुग्नुलाई सफलता मान्ने बनिबनाउ मनोविज्ञानले सिङ्गो समाजलाई नेतृत्व गरिरहेको हुन्छ । तब सबै त्यसैको आत्मरतिमा दौडिरहेको हुन्छ ।



राजेन्द्र किराँती

पछिल्लो समय नेपाली राष्ट्रिय राजनीतिमा देश र समाज बदल्ने अनि समानता र न्याय स्थापित गर्नेभन्दा पनि आत्मकेन्द्रीत व्यक्तिवादी स्वार्थगत हर्कत उत्कर्षमा पुगेको छ । हिजो आन्दोलनमा लाग्नु भनेको अरूले भन्दा बढी त्याग,तपस्या,बलिदान र सेवा गर्ने भन्ने अर्थमा बुझ्ने गरिन्थ्यो । विगतमा आन्दोलन सफलताको स्वार्थ प्रधान हुन्थ्यो । आन्दोलनको आवश्यकता र आकस्मिकतामा नेतृत्व विकास गरिन्थ्यो । जिम्मेवारीहरू भूमिका र क्षमताको संयोजनमा निर्धारण गरिन्थ्यो । कमिटी ठूलो सानो पनि आन्दोलनको राप,ताप र चापको आधारमा आवश्यकताअनुसार विन्यास गरिन्थ्यो ।

तर आज राजनीतिमा यस्तो विचार,विधि,पद्धति र मूल्यमान्यताका कुरा दन्त्यकथा जस्तो भएका छन् । राजनीति भनेको पद,पावर,प्रतिष्ठा र पैसा आर्जनमा सीमित गरिएको छ । आफू स्वयं र आफू निकटलाई केन्द्रमा राखेर विधि र प्रक्रिया तय गर्ने थालिएको छ । सिङ्गो राजनीतिक आन्दोलनको भाष्यलाई व्यक्तिगत खुद्रा स्वार्थमा अपव्याख्या गरिंदैछ ।

वस्तुतः हाम्रो समाज विभिन्न खाले स्वार्थगत आयामहरूबाट निर्देशित रहेको छ । यस्तो अर्थराजनीतिक उत्पादन सम्बन्ध भएको समाजमा सम्पूर्ण सत्ताहरू स्वार्थकै टेकोमा टिकेको हुन्छ । वर्ग समाजमा स्वार्थ अनिवार्य प्रक्रिया हो । यो दुई किसिमको हुन्छ । एकातिर राष्ट्रिय,सामूहिक,सामुदायिक,बहुसङ्ख्यक नागरिक र आन्दोलनको हितमा गरिने स्वार्थ । अर्को विचार र राजनीतिक स्वार्थ । अर्कोतिर म,मेरो परिवार,आफन्त,नातागोता,चिनेजानेका साथीभाइ अनि दोहोरो स्वार्थ लेनादेनाको सिलसिलामा स्थापित अस्थायी सम्बन्धगत स्वार्थ पर्दछन् । अर्को शब्दमा पद,प्रतिष्ठा,पावर र पैसा प्राप्तिको नितान्त प्राविधिक स्वार्थ ।

सिद्धान्तगत र दलगत स्वार्थ एकाएक व्यक्तिगत स्वार्थमा सीमित भइरहेको छ । राष्ट्रिय र सामुदायिक स्वार्थभन्दा व्यक्तिगत र आफ्नो निहित स्वार्थ पराकष्ठमा पुगेको देखिन्छ अर्थात् प्रत्येक उठबस वा रणनीति आफू र आफ्नोलाई केन्द्रमा राखेर बनाउन थालिएको छ,जुन नितान्त गलत अभ्यास हो ।

मूलतः राजनीतिमा सबैको ध्यान केन्द्रीत भएको हुन्छ । कुन राजनीतिक पार्टी वा नेताले के गरिरहेको छ भनेर सूक्ष्म ढङ्गले नियालिरहेको हुन्छ । यसकारण यो क्षेत्रमा गरिने स्वार्थगत हर्कत चाँडो भाइरल हुने गर्दछ । तुरुन्तै समाजमा त्यसको सकारात्मक तथा नकारात्मक प्रभाव पर्नुको साथै आम धारणा बन्छन् । यो असाध्यै संवेदनशील विषय हो ।

पछिल्लो समग्र राजनीतिक हर्कत नियाल्दा जनतामा सिङ्गो राजनीति,राजनीतिक पार्टी,नेता र कार्यकताप्रति नकरात्मक धारणा विकास भइरहेको छ । यहाँसम्म कि सही र गलतलाई एउटै बास्केटमा कोचेर मूल्याङ्कन गर्न थालिएको छ । सबैतिर अँध्यारो देख्न थालिएको छ । यस्तो दरिद्र सोचाइले पनि हामीलाई वास्तविकताको नजिक पुर्‍याउँदैन । तथ्य पहिचान नगरी सही वा अपेक्षित गन्तव्यमा पुग्न सकिँदैन ।

भर्खरै घटेका केही शृङ्खलाबद्ध राजनीतिक घटनाक्रमलाई नियाल्दा पनि हाम्रो राजनीतिक संस्कृति सजिलै बुझ्न सकिन्छ । यसमा स्थानीय तह चुनावमा गठबन्धन र पार्टीगतभन्दा पनि व्यक्तिगत रूपमा मनोगत साँठगाँठ गर्नु यसको ज्वलन्त उदाहरण हो ।

त्यस्तै सैद्धान्तिक मतभेदबिना पार्टी फुटाउनु,गुट-उपगुट हावी हुनु,मन्त्रालय बढाएर भए पनि आकाङ्क्षीहरूलाई व्यवस्थापन गर्नु,तीन महिनाका लागि नै भए पनि नयाँ मन्त्री बन्ने नाङ्गो दौडमा निस्किनु,पार्टीले फिर्ता बोलाउँदा पनि आलटाल गर्नु,नयाँ पद सिर्जना गरेर नै भए पनि व्यक्तिलाई व्यवस्थापन गर्ने काम भइरहेको छ । त्यस्तै,जन्मदर्ता प्रमाणपत्र पाउनेबित्तिकै पद खोज्नु वा भ्रूणबाटै अवसर रोज्नु,केन्द्रदेखि स्थानीय तहसम्म पार्टी कमिटी भद्दा बनाउनु,महाधिवेशन भएको महिनौंपछिसम्म पनि साङ्गठानिक संरचना पूर्ण नहुनु अनि विभागहरू गठन गर्न नसक्नु पदलोलुप एवं स्वार्थी राजनीतिक संस्कृतिको उपज हो । यस्तो रवैयाले सही राजनीतिक पद्धति स्थापित हुँदैन । सही पद्धतिबिना राजनीतिक आन्दोलनको प्रक्रियालाई चाहेको गन्तव्यमा पुर्‍याउन सकिँदैन ।

आज एकातिर राजनीतिप्रति सबैले प्रश्न उठाइरहेका छन् । यसप्रति वितृष्णा र असन्तुष्टि व्यक्त गरिरहेका छन् । यहाँसम्म कि 'राजनीतिको काम छैन' समेत भन्न थालिएको छ । यद्यपि यसो भन्दै गर्दा उनीहरू नै राजनीतिप्रति एकाएक आकर्षित भइरहेको देखिन्छ । सबैको महत्त्वाकाङ्क्षी स्वार्थको भारी बिसाउने चौतारी बनेको छ राजनीति । पद,पावर,प्रतिष्ठा र पैसा जस्ता बहुपहिचान कमाउने बहुआयामिक अस्त्र बनेको छ राजनीति ।

व्यापारीले व्यापार,ठेकेदारले ठेक्का,प्राध्यापकले प्राध्यापन,विश्लेषकले विश्लेषण,शिक्षकले शिक्षण,डाक्टरले उपचार,वकिलले वकालत,न्यायाधीशले न्याय निसाफ,अभिनेता र अभिनेत्रीले अभिनय,हास्य-व्यङ्ग्यकारले हास्यव्यङ्ग्य,पुजारीले पूजा,पत्रकारले पत्रकारिता,कृषकले खेती,मजदुरले मजदुरी,उद्योगी व्यवसायीले व्यवसाय अनि भरियाले भारी सबै सबैले आआफ्नो एकल विधा वा क्षेत्रमा काम गरिरहेका छन् । यी औसत सामान्य प्रक्रिया नै हुन् ।

तर यता राजनीतिमा भने एकैचोटि पद,पावर,प्रतिष्ठा र पैसा आर्जन हुने हुँदा सबैको अत्यधिक आकर्षण बढेको प्रष्टै अनुमान गर्न सकिन्छ । यसमा एउटै ढुङ्गाले चारवटा चरा मार्न सकिने अवस्था देखिन्छ अर्थात् अन्य पेसा व्यवसायमा मात्रात्मक स्वार्थ मात्र प्राप्ति हुन्छ भने राजनीतिमा गुणात्मक स्वार्थ प्राप्ति हुन्छ ।

अन्य विधामा एकल आयामिक स्वार्थ हुन्छ भने राजनीतिमा बहुआयामिक स्वार्थको सम्भावना छ । हाम्रो राजनीतिमा व्याप्त यही गलत चरित्रको कारण सिङ्गो सामाजिक भाष्य वा मनोविज्ञान नै एकल स्वार्थमा नभएर बहुआयामिक स्वार्थमा बढी झुम्मिएको छ ।

राजनीतिको बहुआयामिक स्वार्थगत रवैयामा लोभिएको देखिन्छ । तर यस्तो लोभ्याइ विकृत राजनीतिलाई रूपान्तरण गर्ने मनसायमा देखिँदैन । यो केवल गुणात्मक स्वार्थ प्राप्तिमा लालायित देखिन्छ । यो नै हाम्रो अर्थराजनीतिक विडम्बना र अभिशाप हो,जसले हामीलाई पुस्तौंसम्म पिरोल्ने खतरा छ ।

तब सम्पूर्ण गैरराजनीतिक क्षेत्रमा क्रियाशील जनशक्तिहरू यो वा त्यो नाम र बहानामा नितान्त नयाँ राजनीतिक जीवनमा प्रवेश गर्दैछन् । वास्तवमा राजनीति सेवा थियो,त्याग थियो,तपस्या थियो,बलिदान थियो,परिवर्तन र न्यायको आन्दोलन थियो,महान् उद्देश्य पूरा गर्ने कष्टसाध्य प्रक्रिया थियो । अनि उन्नत साध्य प्राप्तिको अस्त्र थियो भने सबैमा यस्तो निरपेक्ष बनिबनाउ चाहना,आकाङ्क्षा र महत्त्वाकाङ्क्षाजन्य भावनाका खहरे भेलहरू उर्लँदैनथे । स्वप्नलोकमा यति सजिलै गगनचुम्बी महल बन्दैनथे । सायद आफूलाई यति विघ्न योग्य पनि ठानिँदैनथ्यो ।

त्यस्तै,स्वतन्त्र व्यक्ति अनि पार्टीहरू रातारात खुल्दैनथे । सिद्धान्त,विचार र बलियो सङ्गठन भएका पार्टीहरूलाई चुनौती दिँदैनथे । पार्टीहरू केही होइन भनेर नजरअन्दाज गर्दै भटाभट उम्मेदवारी घोषणा गर्दैनथे । लामो ऐतिहासिक सङ्घर्षको प्रक्रियाबाट स्थापित पार्टी र नेताहरूलाई कमजोर आँक्ने कमजोर वातावरण आउँदैनथे । तर राजनीति पद,पावर,प्रतिष्ठा र पैसाका लागि गुणात्मक स्वार्थ आर्जनको साधन मात्र बनाइयो । त्यसपछि मात्रात्मक उपार्जनमा लागेका व्यक्ति व्यक्तित्वहरूमा एकाएक गुणात्मक लालची बढेको तथ्य दिन जस्तै छर्लङ्ग छ ।

त्यसैले राजनीतिलाई रूपान्तरण गर्ने हो भने यसलाई पद,पावर,प्रतिष्ठा र पैसाको सेरोफेरोमा राख्नु हुँदैन । राजनीति स्वार्थ प्राप्तिको त्रिपाशा खेल बनाउनु हुँदैन । यो नितान्त उन्नत समाज व्यवस्था प्राप्तिको सैद्धान्तिक आन्दोलन,सेवा,त्याग,बलिदान र प्रतिबद्धताद्वारा निर्देशित हुनुपर्छ । न्याय,समानता र समृद्धिको चालक शक्ति बन्नुपर्छ । तब मात्रै राजनीति आदर-सम्मानको विषय हुनेछ । साथै सकारात्मक मनोविज्ञान बन्नेछ अनि साथ सहयोग बढ्नेछ ।

सम्मानित राजनीतिमा मात्र राजनीतिक मूल्य र औचित्य स्थापित हुनेछ । होइन भने राष्ट्रिय राजनीति स्वतन्त्र,युवा,जुझारु अनि निष्ठावानको पुरानै ढर्रावादी विशेषण र उपमाहरूको पुरानै चक्रव्यूहमा फस्नेछ,जुन नेपाली राष्ट्रिय राजनीतिको वस्तुवादी विकल्प होइन । यसमा हामी सबैले सचेत चिन्तन-मनन गर्न जरुरी छ । रातोपाटीबाट

## *नेपालमा जनसंख्या...*

सबै साधन मौजुद र उपलब्ध रहेतापनि सही सदुपयोग हुन सकेको छैन । आधारभूत तथा पुनर्ताजगी तालिम, गोष्ठी मार्फत स्वास्थ्यकर्मी लगायत सबै समुदायस्तरका नेता तथा कार्यकर्तालाई परिवार नियोजन बारे उत्प्रेरणा गरी परिवार नियोजन सेवा प्रदान गर्न सकिएको छैन । अब बेलैमा होस पुऱ्याइएन भने जनसंख्या विष्फोट हुन बेर लाग्दैन ।

त्यसकारण परिवार नियोजन,सुरक्षित मातृत्व, गर्भान्तरको अधिकार महिलालाई प्रदान गरी जनसंख्या वृद्धिमा नियन्त्रण गर्नु अत्यन्त जरुरी छ । प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक, वडाका महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालबाट परिवार नियोजनका लागि उत्प्रेरणा गरी अस्थायी साधन वितरण र स्थायी बन्ध्याकरणका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्न मन, वचन र कर्मले लाग्नु पर्दछ । यदि सबै स्वास्थ्यकर्मी तथा सेवकले आ-आफ्नो स्थानबाट प्रयाष गरेमा परिवार नियोजनका साधनको प्रयोग दर ३७ प्रतिशतबाट कम्तीमा ७३ प्रतिशत पुऱ्याउन सकिन्छ ।

**निम्न बुँदालाई अङ्गिकार गरी काम गरेमा मात्र जनसंख्या वृद्धि नियन्त्रण गर्न सकिन्छः**

१. प्रजनन् उमेरका सबै किशोर-किशोरीलाई विद्यालय/क्याम्पसस्तरमा यौन शिक्षा/प्रजनन् स्वास्थ्य शिक्षा/परिवार नियोजन, सुरक्षित मातृत्व तथा सुरक्षित गर्भपतन सम्बन्धी शिक्षा अध्यापन गरिनु पर्दछ । हरेक स्थानीय स्वास्थ्य संस्था मार्फत जनसंख्या वृद्धि र परिवार नियोजनको महत्वका बारेमा व्यापक स्वास्थ्य शिक्षा सन्देश प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।

२. विवाह गर्न कम्तीमा २० वर्ष पुगै पर्ने कानुनी प्रावधानलाई विशेष प्रवर्धन गर्ने र सो प्रावधान कडाइकासाथ लागु गराउनु पर्दछ ।

३. परिवार नियोजन सेवा तथा साधनबारे समय-समयमा स्वास्थ्यकर्मीलगायत अन्य सम्बन्धित कार्यकर्तालाई पुनर्ताजगी तालिम प्रदान गरी परिवार नियोजनलाई समुदाय स्तरसम्म बढाउनु पर्दछ ।

४. सुत्केरी हुन आउने हरेक गर्भवतीलाई सुत्केरी हुनासाथ परिवार नियोजनका साधन अपनाउन उत्प्रेरणा गर्नु पर्दछ । यस्तो उत्प्रेरणाले गर्भान्तरमा ठूलो सघाउ पुग्दछ र मातृ-शिशु स्वास्थ्य स्वस्थ्य रहनुका साथै जनसंख्या नियन्त्रणमा सघाउ पुग्दछ ।

५. संघीय, प्रादेशिक र स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी सबैलाई जनसंख्या नियन्त्रण/व्यवस्थापनमा परिवार नियोजन, सुरक्षित मातृत्व, गर्भान्तर, मानव अधिकारको महत्वका बारेमा चेतनामूलक स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रमलाई व्यापकरुपमा बढाउनुपर्दछ ।

६. किशोर-किशोरी, नागरिक समुदाय, धार्मिक नेतृत्व, कार्यकर्ता राजनीतिकर्मी, स्थानीय सामुदायिक संगठन सबैलाई जनसंख्या नियन्त्रणमा सू-सुचित तथा अभिमुखीकरण र अन्तरक्रिया गरिनु पर्दछ ।

७. जनसंख्या दिवस काठमाण्डौका होटलहरुको अलावा हरेक संघीय, प्रादेशिक र स्थानीय तहमा मनाउने व्यवस्था गरिनुपर्दछ । समुदायस्तरमा विश्व जनसंख्या दिवस-कार्यक्रम मनाउँदा मात्र प्रभावकारी हुन्छ । (समाजशास्त्राचार्य अर्याल स्वास्थ्य सेवामा ४० वर्ष सेवा गरी निर्देशकबाट सेवा निवृत्त भएका हुन् ।) स्वास्थ्य खबरबाट

# शम्भुनाथका मेयर गुप्ताबिरुद्ध सात राजनीतिक दल







**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकाका मेयर जितेन्द्र प्रसाद गुप्तामाथी सात क्रियाशिल राजनीतिक दलहरुको मोर्चाले विभिन्न आरोप लगाउँदै छानवीन र कारवाही माग गरेका छन्।

सात राजनीतिक दलहरुले मंगलबार संयुक्त रुपमा पत्रकार सम्मेलनको आयोजना गरि सो माग गरेका हुन्। उनीहरुले ती माग राख्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र समेत बुझाएका छन्।

नेपाली काँग्रेसका नगरसभापती सुरेन्द्र गुप्ता, नेकपा एमाले नगरअध्यक्ष श्रीनारायण चौधरी, जसपा नगरअध्यक्ष सरोज कुमार चौधरी, लोसपा नगरअध्यक्ष मो.याकुव राईन, राप्रपाका जिल्ला अध्यक्ष उम्देश्वर साह, जनमत पार्टीका केन्द्रिय सदस्य मदनेश चौधरी तथा नेकपा माओवादी केन्द्रका स्थानीय नेता सुकदेव साहको संयुक्त हस्ताक्षरित ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमलाई बुझाइएको हो।

ज्ञापन पत्रमा लोसपा नेता मो.याकुव राईनमाथी नगर प्रमुख गुप्ताको प्रत्यक्ष संलग्नतामा दुर्व्यहार भएको आरोप लगाउदै सो घट्नाको छानवीन गरी दोषीमाथी कारवाहीको माग गरिएको छ।

मोर्चाले आ.ब.२०७८/०७९ मा नगरपालिकाबाट असार २५ सम्म संचालित सबै योजनाहरुको प्रगति प्रतिवेदन सार्वजनिक गर्न, कोभिड पीडित विपन्न परिवारलाई अविलम्ब सरकारबाट प्राप्त सहयोग १० हजारका दरले राहत रकम प्रदान गर्न, आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सार्वजनिक गर्न तथा मधेश प्रदेश सरकारको सहयोगमा वडा २, ४, ९ र १२ मा संचालित योजना र सडक बोर्डको योजनाहरुको छानवीनको समेत माग गरिएको छ।

सोही विषयलाई लिएर विरोध गर्न जाँदा असार २५ गते राती ९ बजे तीर नगरपालिका परिसर भित्रै नगरप्रमुख गुप्ताको प्रत्यक्ष संलग्नतामा आफुमाथी कुटपिट भएको पत्रकार सम्मेलनमा लोसपाका स्थानीय नेता मो.याकुव राइनले आरोप लगाएका छन्।

सात दलिय मोर्चाले उक्त ज्ञापन पत्रको बोधार्थ मधेश प्रदेश मुख्यमन्त्रिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय र भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयलाई समेत दिइएको छ।

यता नगर प्रमुख गुप्ताले भने घट्नाका बेला आफु कार्यालयमा नरहेको बताउँदै राती अवेरसम्म बसेर काम गरिरहेका कर्मचारीलाई धम्क्याउदै लोसपा नेता मो.याकुव राईनको नेतृत्वमा पुगेको विपक्षीहरुले काम गर्न नदिएको तथा गाली गलौजमा उत्रिएपछि सेवाग्राहीहरुले नै सामान्य प्रतिकार गरेको दाबी गरेका छन्।

उनले असार २५ गते राती १२ बजेपछि सरवर डाउन हुने भनी सरकारले नै जानकारी दिएको आधारमा दिनरात खटेर काम भईरहेको बेला कर्मचारीहरुलाई गाली गलौजसहित पुर्वाग्राही भएर विपक्षीहरुले काममा बाधा पु-याएको बताए। उनले नगरपालिकामा जडान गरिएको सिसी टिभि क्यामराको फुटेजहरु हेर्दा सबै सत्यतथ्य आफै उजागर हुने दाबी समेत गरे।

आफुले कार्यभार सम्हालेको २ महिना पनि नपुगेको बताउदै उनले वस्तुस्थिती अध्ययन गरिरहेकै बेला आफुमाथी विपक्षीहरुद्वारा लगाइएको आरोप सत्य नरहेको जिकिर गरेका छन्। हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा गुप्ता नेकपा एकिकृत (समाजवादी)को तर्फबाट उम्मेदवार भई नगर प्रमुख पदमा निर्वाचित भएका हुन्।

# डा भट्टराईद्वारा कारबाही खारेजीको माग

**काठमाडौँ**/जनता समाजवादी पार्टी (जसपा) का सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले आफूसहितका नेतामाथि गरिएको कारबाहीको भर्त्सना गर्दै उक्त निर्णयको खारेजीको माग गरेका छन्।

जसपाका अध्यक्ष उपेन्द्र यादवले भट्टराईसहित पार्टीका नौ नेतामाथि कारबाहीको निर्णय गरेपछि भट्टराईले शुक्रबार राति अबेर विज्ञप्ति जारी गर्दै नयाँ पार्टी पुनर्गठनमा जुट्न सबैलाई अपिल गरेका हुन्। अध्यक्ष यादवले भने पार्टीको विधि, विधान र पद्धतिअनुरुप नचलेकाले उहाँहरूलाई कारबाही गरिएको स्पष्ट पारेका छन्।

जसपाका नेता मोहम्मद इस्तियाक राईले भने, "पार्टीको बैठक अध्यक्षले बोलाउने हो, अर्को पक्ष (बाबुराम भट्टराई पक्षका नेता) बैठकमा सहभागी नहुनु उनीहरूको इच्छा हो, पार्टी सञ्चालन प्रक्रिया पार्टीको राजनीतिक दलको विधानअनुरुप हुने हो।"

सङ्घीय परिषद् अध्यक्ष भट्टराईले पार्टी रुपान्तरणका लागि अनवरतरूपमा खटिएका केन्द्रीय सदस्यलगायत सबैलाई पार्टी पुनर्गठनका लागि पनि अपिल गरेका छन्। "हामी यस कारबाहीको घोर भर्त्सना गर्दै कारबाहीको निणर्य खारेज गर्दछौँ। यो परिस्थितिमा अब हाम्रो सामु पार्टी पुनर्गठनको विकल्प रहेन", विज्ञप्तिमा भनिएको छ।

पार्टीभित्र लामो समयदेखि देखिएका वैचारिक, राजनीतिक, साङ्गठनिक र केन्द्रीय समिति अध्यक्षको कार्यशैलीविरुद्धको बहस उत्कर्षमा पुग्दै गर्दा केन्द्रीय समितिको अलगअलग बैठक गर्नुपरेको भट्टराईको भनाइ छ। सङ्घीय परिषद् अध्यक्षको अध्यक्षतामा बसेको केन्द्रीय समितिको विस्तारित बैठकले पार्टी रूपान्तरणका लागि अन्तिमसम्म प्रयत्न गरेको भन्दै उहाँले पार्टी अध्यक्ष यादवले पार्टीलाई एकताबद्ध बनाउन पहल नगरेर अवैधानिकरूपमा सङ्घीय परिषद् अध्यक्षलगायत केन्द्रीय कार्यकारिणी सदस्यलाई पदमुक्त गरेको आरोप लगाएका छन्। यता भट्टराई पक्षको यही असार २८ र २९ गते काठमाडौँमा सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले पार्टी रुपान्तरणका लागि अन्तिमसम्म प्रयत्न गर्ने निर्णय गरेको थियो।

## दुई बालिकासहित ...

गएका थिए। सोही क्रममा रजनी र सेन्द्री पानीमा डुवेको मृत्यु भएको स्थानियबासीले जनाएका छन्।

सेन्द्रीको पोखरीमा डुवेकै अवस्थामा मृत्यु भएको तथा रजनीको कंचनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा ज्यान गएको प्रहरीले जनाएको छ।

यस्तै सोमबार दिउँसो जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ मुसहरी टोल बस्ने लुराई सदाको ३० वर्षिय छोरा रामउदगार सदाको डुबेर मृत्यु भएको छ।

घरबाट तेल लिन भनि निस्केकोमा मादक पदार्थ सेवन गरेको अवस्थामा स्थानिय माझी पोखरीमा डुबेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# अन्तर्राष्ट्रिय समाचार

## मेक्सिकोमा हेलिकप्टर दुर्घटनाः चौध सैनिकको मृत्यु

**मेक्सिकोसिटी**/मेक्सिकोमा हेलिकप्टर दुर्घटना हुँदा १४ जना समुद्री सैनिकको मृत्यु भएको छ। देशको उत्तरी भागमा शुक्रबार भएको उक्त दुर्घटनामा उनीहरूको ज्यान गएको हो।

लागूऔषध तस्करी एवम् ओसारपसारमा संलग्नलाई पक्राउ गर्न खटिएका समुद्री सैनिक हेलिकप्टर दुर्घटनामा मारिएका मेक्सिकोको नौसेनाले शनिबार जनाएको छ। दुर्घटनामा एकजना भने बाँचेका छन्।

नौसेनाको स्वामित्वमा रहेको ब्ल्याक हक हेलिकप्टरले उत्तरी राज्य सिनालोआमा एकदिन अघि पक्राउ परेका गुआडालाजारा कार्टेलका संस्थापक राफेल कारो क्विन्टेरो बोकेको अर्को विमानको सुरक्षा गरिरहेको थियो।

दुर्घटनामा ज्यान गुमाएकाप्रति नौसेनाले शोक व्यक्त गरेको छ। दुर्घटनाको कारण अज्ञात छ। कथित लागूऔषध तस्करको गिरफ्तारीका कारण उक्त दुर्घटना नभएको नौसेनाले जनाएको छ। राफेललाई

संयुक्त राज्य अमेरिकाले आफ्ना अधिकारी एनरिक क्यामरेना सालाजारको हत्या गरेकाले निजलाई अमेरिकासमक्ष सुपुर्दगी गर्नुपर्ने माग गर्दै आएको छ। यसै विषयलाई लिएर मेक्सीको र अमेरिकाबीचको सम्बन्ध केही समय तनावपूर्ण भएको थियो। एजेन्सी

## महामारीले बढायो जुवातासको लत

**सिड्नी**/कोभिड-१९ को महामारीका बेला अष्ट्रेलियाली युवामा 'अनलाइन' जुवाको लत लागेको पाइएको छ। सङ्क्रमण नियन्त्रणका निम्ति सरकारले जारी गरेको बन्दाबन्दी आदेशको पालना गर्ने सिलसिलामा युवावर्ग अनलाईन बाजी थाप्ने, जुवातास खेल्नेलगायत गतिविधि बढेको नयाँ सर्वेक्षणले देखाएको हो।

नेशनल लाइब्रेरी अफ मेडिशिनले शुक्रबार सार्वजनिक गरेको सर्वेक्षणअनुसार १९ वर्षमुनिका एक हजार किशोरकिशोरीमध्ये ३० जनामा मानसिकरूपमा इन्टरनेट गेमिङ डिसअर्डर पाइएको छ। विकासात्मक मनोवैज्ञानिक एवम् म्याक्वेरी विश्वविद्यालयका एशोशिएट प्रफेसर वेन वारबर्टनले इन्टरनेट गेमिङ डिसअर्डरका कारण उनीहरूमा विद्यालयले दिएका गृहकार्य, पारिवारिक सम्बन्ध र मानसिक स्वास्थ्यलगायत दैनिक जीवनमा गम्भीर असर पर्नसक्ने बताएका छन्।

इन्टरनेट गेमिङ डिसअर्डरबाट प्रभावितहरूमा चिडचिडापन, विगतका आमोदप्रमोद एवम् मनोरञ्जनका कुरामा अरूची र वेवास्ता गर्ने तथा गेमिङबाट उनीहरूलाई रोक्न खोज्दा उनीहरूबाट आक्रमणसमेत हुनसक्ने मनोवैज्ञानिक वारबर्टनले सर्वेक्षणमा उल्लेख गरेका छन्। सामाजिकरूपमा साथीभाइसँग घुलमिल हुनेभन्दा पनि इन्टरनेटमा उपलव्ध मनोरञ्जनात्मक गतिविधिमा उनीहरू अधिकमात्रामा व्यस्त रहेका पाइएको छ।

प्राध्यापक वारबर्टनले अमेरिकी तथ्याङ्लाई पनि सर्वेक्षणमा उद्धृत गरेका छन्। सन् २०२१ मा दैनिक औसत पाँचसय २० मिनेट मनोरञ्जन स्क्रिनमा बिताएका किशोरकिशोरीको त्यो समय कोरोना महामारीअघि औसत दैनिक चारसय मिनेटमा सीमित थियो। एजेन्सी

## जातिय दङ्गाका क्रममा सुडानमा ३१ को मृत्यु

**खार्तुम**/सुडानमा भएको जातिय दङ्गाका क्रममा शुक्रबार कम्तीमा ३१ जनाको मृत्यु भएको छ। देशको ब्लु नाइल प्रदेशमा घटना भएको सरकारी अधिकारीले जनाएका छन्।

देशका केही ठाउँमा जातिय दङ्गा भएका छन्, ती घटनामा परी कम्तीमा ३१ जनाको मृत्यु भएको छ भने अरु ३९ जना घाइते भएका छन्, सुरक्षा समितिले जारी गरेको वक्तव्यमा लेखिएको छ।

झडपका क्रममा १६ पसल क्षतीग्रस्त भएको पनि अधिकारीहरुले जानकारी दिएका छन्। सुरक्षाकर्मीले परिस्थीति नियन्त्रणमा लिइसकेका छन भने केही शंकास्पद व्यक्तिहरुलाई पक्राउ गरेका छन्।

सुरक्षा समितिले घटनास्थलमा कफ्र्यु आदेश जारी गरेको छ। कफ्र्यु लगाइएको क्षेत्रमा हिड्डुल गर्न, भीडभाड गर्न निषेध गरिएको छ।

ब्लु नाइल प्रदेश अन्तर्गत पर्ने अल डामाजिन र अल रुसाइरिजमा स्थानीय समयअनुसार बेलुका ६ बजेदेखि विहान ०६ बजेसम्म कफ्र्यु आदेश जारी गरिएको हो।

स्थानीय बेर्टी र हौसा जातिय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीले बताएका छन्। उनीहरुले विभिन्न हतियारको प्रयोग गरेका थिए।

अफ्रिकी मुलुक सुडानको पूर्वीक्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथोपियाको सिमा क्षेत्र हो। सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कट छ। एजेन्सी

# लघुउधमीलाई समान बितरण




**राजविराज**/राजविराजमा आयोजित एक कार्यक्रमका बिच १५ जना लघुउधमीलाई किराना सामग्री प्रदान गरिएको छ।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीको आयोजनामा तीन वटा गाउँपालिका र एउटा नगरपालिकाका लघुउधमीलाई २० हजार बराबरको किराना समान, कस्मेटीक, तरकारी लगायत समानहरु प्रदान गरिएको हो।

सेभ द सप्तरीका सचिव नरेन्द्र यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्लाको छिन्नमस्ता गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, बिष्णुपुर गाउँपालिका र राजविराज नगरपालिकाका केही वडाका करिब १५ जना लघुउधमीहरुलाई सामग्री बितरण गरिएको सेभ द सप्तरीका कृषि प्रबिधिक रामकुमार साहले बताए।

पाँच दिने लघुउद्यम व्यवसाय सचालन सम्बन्धी तालिम पश्चात लघुउधम पसलहरु संचालन गर्न उनीहरुलाई सो समानहरु बितरण गरिएको जनाएको छ।

प्रदान गरिएका समानहरुबाट बिक्रि बितरण गरि गरिव तथा बिपन्न परिवारलाई जिवनस्तर मजबुत बनाउनको लागि तथा बालबालिकामा शिक्षा स्वास्थ्यमा मदत मिल्ने कृषि प्राबिधिक साहको भनाई छ।

कार्यक्रम सेभ द सप्तरीका कार्यक्रम संयोजक संतोष यादव, फिल्ड अधिकृत सत्यानारायण थारु, मिल अधिकृत मिथिलेश यादव, लोजस्टीक अधिकृत महेश चोधरी, सेभ द चिल्ड्रेनको प्रतिनिधि जयप्रकास साह ,समाजिक परिचालक चम्पालाल शर्मा लगायतका उपस्थित रहेको थियो।

# छोरालाई जोगाउन जादा आमाको मृत्यु

**राजविराज**/छोरामाथि कुटपिट भइरहदा जोगाउन गएकी आमाको कुटपिटबाट मृत्यु भएको छ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ प्रवाहा पट्टी टोलमा शुक्रबार कुटपिट भइरहदा छोरालाई जोगाउन जाँदा ६० वर्षीया जिरादेवी मण्डलको मृत्यु भएको हो।

बिहिवार साँझ बजारबाट मल खरिद गरी आउदै गर्दा उनका छोरा मनोज चढेको साइकलबाट बाटोमा खेल्दै गरेका एक बालकलाई समान्य चोट लागेको थियो। सोही निहुँमा स्थानीय केही व्यक्ति मनोजमाथि कुटपिट गरिरहेको खबर पाएपछि बचाउन गएकी आमा जिरामाथि समेत कुटपिट गरिएको प्रहरीको भनाइ छ।

कुटपिटबाट गम्भीर घाइते भएकी जिरालाई उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

कुटपिटबाट मृतक महिलाका छोरा मनोज सामान्य घाइते भएको प्रहरीले जनाउँदै कुटपिटमा संलग्नको पहिचान र खोजी कार्य भइरहेको जनाएको छ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# मोटरसाईकलले ठक्कर दिदाँ पैदल यात्रीको मृत्यु

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका ६ बिरेन्द्र बजार सडक खण्डमा बुधवार राती मोटरसाईकलले ठक्कर दिदाँ एक पैदल यात्रीको मृत्यु भएको छ।

पुर्वपश्चिम राजमार्ग अन्र्तगत सो सडक खण्डमा स.४ प.१३३४ नम्बरको मोटरसाइकलले ठक्कर दिदाँ बाटो काट्न लागेका सोही वडा निवासी पैदल यात्री ५५ वर्षिय दीपनारायण मेहताको मृत्यु भएको हो।

मोटरसाईकलको ठक्कर लागेर गम्भिर घाईते भएका उनको स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा उपचारको क्रममा बिहिवार विहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

ठक्कर दिने मोटरसाईकल चालक सिरहाको लहान नगरपालिका १९ वस्ने ३० वर्षिय दिपेश कुमार यादव तथा मोटरसाईकल नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

# रेणु यादवद्वारा पार्टीको सम्पूर्ण पद त्याग गरेको घोषणा

**राजविराज**/जनता समाजवादी (जसपा) की नेतृ रेणु यादवले पार्टीको सबै पद परित्याग गरेको घोषणा गरेकी छिन्।

पार्टीका केन्द्रीय कार्यकारणी सदस्य एवं केन्द्रीय सदस्य समेत रहेकी यादवले पार्टी अध्यक्षलाई एक पत्र लेख्दै व्यक्तिगत कारण देखाएर पार्टीको सम्पूर्ण पदीय जिम्मेवारीबाट अलग भएको घोषणा गरेकी हुन्।

उनले वर्तमान अवस्थामा व्यक्तिगत कारण देखाई पदीय जिम्मेवारीमा रहेर काम गर्ने सक्ने अवस्था नरहेको भन्दै पार्टीसँगको पदीय जिम्मेवारीबाट अलग हुने निर्णयमा पुगेको पत्रमा उल्लेख गरेकी छिन्।


**बाढीपहिरोबाट जोगिन**

➢ जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउछ।

➢ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।

➢ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।

➢ आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।

➢ बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

आफु पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*